"पर्यटकीय नगरी"
"TOURISTIC MUNICIPALITY"
# सूर्योदय नगरपालिका
# SURYODAYA MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल
Fikkal, Ilam, Koshi Province, Nepal

प.सं.०८१/८२
च.नं.

मिति: २०८२।०१।३० गते

### लागुऔषध दुर्व्यसनविरुद्ध जनचेतना भिडियो प्रतियोगिता सम्बन्धी सूचना !

आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत युवा र समुदायलाई लागुऔषधको हानिकारक प्रभाव, रोकथामका उपाय, र स्वस्थ जीवनशैलीबारे सचेत गराउने उद्देश्यले छोटा र आकर्षक भिडियो प्रतियोगिता आयोजना गर्ने निर्णय भएबमोजिम इच्छुक व्यक्ति, संस्था वा समूहलाई फेसबुक, टिकटक लगायत सामाजिक सञ्जालका लागि भिडियो बनाई प्रतियोगितामा सहभागी हुन आह्वान गरिन्छ ।

प्रतियोगिताको विवरण:

१. उद्देश्य:
   - लागुऔषधको खतराबारे जनचेतना फैलाउने
   - रोकथामका उपाय र सहयोगी निकायहरूबारे जानकारी दिने
   - स्वस्थ जीवनशैली र लागुऔषधमुक्त समाजको प्रवर्द्धन गर्ने

२. भिडियोको मापदण्ड:
   - प्रकार: फेसबुक, टिकटक लगायत सामाजिक सञ्जालका लागि छोटा भिडियो
   - अवधि: ३-५ मिनेट
   - भाषा: नेपाली
   - विषयवस्तु:
     - लागुऔषधको नकारात्मक प्रभाव (स्वास्थ्य, परिवार, समाज)
     - रोकथामका उपाय (परामर्श, सहयोगी संस्था, स्वस्थ बानी)
     - प्रेरणादायी कथा वा सन्देश (जस्तै: लागुऔषध छोडेर सफल भएको कथा)
     - रचनात्मक र मनोरञ्जनात्मक शैली (नाच, गीत, ड्रामा, हास्य आदि)
   - प्राविधिक मापदण्ड:
     - रिजोल्युसन: न्यूनतम ७२०p
     - अडियो: स्पष्ट र बुझिने।
     - क्याप्सन: नेपालीमा छोटो टेक्स्ट (अनिवार्य छैन)
     - लोगो र ह्यासट्याग: सूर्योदय नगरपालिकाको लोगो र #SuryodayaAgainstDrugAddiction अनिवार्य

३. लक्षित समूह:
   - युवा (१५–३० वर्ष), विद्यार्थी, अभिभावक, शिक्षक, र सामाजिक सञ्जाल प्रयोगकर्ता

अमृत बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

सूर्योदय नगरपालिका नगर कार्यपालिकाको कार्यालय फिक्कल, इलाम कोशी प्रदेश, नेपाल २०७३

**प.सं.०८१/८२**
**च.नं.**

४. आवेदन प्रक्रिया:
- इच्छुक व्यक्ति/समूहले १–२ पेजको कन्सेप्ट प्रस्ताव र तयार भिडियो तोकिएको समयभित्र नगरपालिकाको इमेलमा पठाउनुपर्नेछ।
- इमेल: suryodayamun@gmail.com
- भिडियो बुझाउने अन्तिम मिति: २०८२ जेठ ७ गते।

५. मूल्याङ्कन मापदण्ड:
- रचनात्मकता: २५ अङ्क
- सन्देशको स्पष्टता: २५ अङ्क
- प्राविधिक गुणस्तर: २० अङ्क
- लक्षित समूहसँग सम्बन्ध: १५ अङ्क
- फेसबुक लाइक (निर्धारित समयभित्र): १५ अङ्क

६. पुरस्कार:
- प्रथम: रु १५,००० र प्रमाणपत्र
- द्वितीय: रु १०,००० र प्रमाणपत्र
- तृतीय: रु ५,००० र प्रमाणपत्र

७. मिति:
- भिडियो बुझाउने अन्तिम मिति: २०८२ जेठ ७ गते
- मूल्याङ्कन सम्पन्न: २०८२ जेठ १९ गते
- नतिजा प्रकाशन: २०८२ जेठ २० गते
- पुरस्कार वितरण: औपचारिक समारोहमा (मिति पछि तय गरिनेछ।)

थप जानकारीका लागि नगरपालिकाको वेबसाइट, सामाजिक सञ्जाल, वा कार्यालयमा सम्पर्क गर्नुहोला। स्वीकृत भिडियोहरू नगरपालिकाको आधिकारिक फेसबुक पेजमा प्रकाशित गरिनेछ। भिडियो मूल्याङ्कनका सम्बन्धमा कुनै विवाद उत्पन्न भए अन्तिम निर्णय मूल्याङ्कन समितिको हुनेछ।

२०८२।०१।२९
अमृत बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत